**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS**

BROADCAST: 18:40 hrs. Date: 13.10.2025

## राज्यपाल ओमप्रकाश माथुर

'क्राफ्टेड फाइबर्स'का संस्थापक तथा प्रगतिशील उद्यमी डा. छेवाङ नोरबु भूटियाले सिक्किमका राज्यपाल ओमप्रकाश माथुरसँग गान्तोक स्थित राजभवनमा आज शिष्टाचार भेट गर्नुभयो।

भेटका क्रममा डा. भूटियाले आफ्नो संस्था 'क्राफ्टेड फाइबर्स'ले गरिरहेका विकासात्मक तथा उद्यमशील कार्यहरूको विस्तृत जानकारी राज्यपाललाई दिनुभयो। उहाले हालै संस्थाले आफ्नो कार्यक्षेत्र विस्तार गरेको उल्लेख गर्दै यसले रोजगारीका अवसरमा वृद्धि ल्याएको र स्थानीय युवा तथा महिलाहरू आत्मनिर्भरता तर्फ अघि बढिरहेको जानकारी दिनुभयो।

श्री भुटियाले आफ्नो हालैको अमेरिकाको भ्रमणबारे , जानकारी दिँदै त्यहाँ 'क्राफ्टेड फाइबर्स'का उत्पादहरू अन्तर्राष्ट्रिय मञ्चमा प्रदर्शन गरिएको र सिक्किमको सांस्कृतिक पहिचानलाई विश्व स्तरमा चिनाउन सफल भएको बताउनुभयो।

राज्यपालले डा. भूटियाका प्रयासहरूको प्रशंसा गर्दै उहाको कार्यलाई सिक्किमको सामाजिक र आर्थिक प्रगतिका लागि प्रेरणादायी बताउनुभयो।

उल्लेखनीय छ कि प्रधानमन्त्री नरेन्द्र मोदीले पनि आफ्नो लोकप्रिय रेडियो कार्यक्रम 'मन की बात' मा डा. छेवाङ नोरबु भूटियालाई एक प्रगतिशील उद्यमीको रूपमा प्रशंसा गर्नुभएको थियो।

## सहकारिता क्षेत्र

सिक्किमको सहकारिता क्षेत्रलाई नयाँ दिशा दिनका लागि आज सहकारिता विभागकी सचिव ग्लोरिया नाम्चुको अगुवाईमा सहकारी विभागकी प्रधान रेजिष्ट्रार जबी थापा लगायत विभागका अन्य अधिकारीहरूको टोलीले राजभवनमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो।

यस अवसरमा, विभागको तर्फबाट राज्यपाललाई “अन्तर्राष्ट्रिय सहकारिता वर्ष 2025” को उपलक्ष्यमा 15 अक्टोबर 2025 मा राजभवनमा आयोजित हुने विशेष कार्यक्रममा मुख्य अतिथिको रूपमा सम्मिलित हुन औपचारिक आमन्त्रण गरिएको छ। राज्यपालले यो आमन्त्रण सहर्ष स्वीकार पनि गर्नुभयो।

य़स भेटघाटको अवसरमा राज्यपालले सहकारिता विभागका कार्यक्रमहरूको गहण जानकारी लिएको एक विज्ञप्तिमा जनाएको छ भने सिक्किमको आर्थिक सुदृढता सुनिश्चित गर्नका लागि दुग्ध सहकारी समितिहरूमा महिलाहरूको सक्रिय सहभागितामाथि विशेष जोड दिएको उल्लेख गरिएको छ।

राज्यपाल माथुरले सिक्किमका दुई महत्त्वपूर्ण क्षेत्रमा विशेष ध्यान दिन सुझाव दिँदै बाँस उत्पादनको प्रवर्धन: बाँसबाट निर्मित उत्पादनहरूको बजार व्यवस्थापन र प्रचार-प्रसारका लागि सहकारी संस्थाहरूले पहल गर्नु पर्ने बताउनु भएको छ।

**‘कनेक्ट टु सीएम’**

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज गान्तोकको सम्मान भवनमा ‘Connect to CM’ नामक जनमुखी प्लेटफर्मको शुभारम्भ गर्नुभएको छ। यस नयाँ पहलअन्तर्गत राज्यका नागरिकहरूले आफ्ना समस्या, सुझाव तथा सेवा सम्बन्धी मागहरू प्रत्यक्ष रूपमा मुख्यमन्त्री कार्यालयसँग राख्न सक्नेछन्। यस प्रणालीमार्फत नागरिकहरूले आफ्नो कुरा बिहान साढे दस बजेदेखि दिउँसो चार बजेसम्म राख्न सक्नेछन्। यसका लागि 80016-81188 वा 93327-81188 नम्बरमा सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ। यो सुविधा बिदाका दिन तथा चाडपर्वमा पनि उपलब्ध रहने बताइएको छ।

मुख्यमन्त्री श्री तामाङले ‘Connect to CM’ सुशासनमा पारदर्शिता र सहभागिताको नयाँ अध्याय रहेको जसले ‘आँगनमा सरकार’ भन्ने अवधारणालाई मूर्त रूप दिने बताउनुभयो। यस कदमलाई सिक्किममा सुशासनलाई जनताको घरदैलोमा पुर्‍याउने दिशामा एक महत्वपूर्ण पहलका रूपमा लिइएको छ।

उहाँले सोही अवसरमा मुख्यमन्त्री योजना एकीकृत व्यवस्थापन प्रणालीको पनि शुभारम्भ गर्नुभएको छ। यसले मुख्यमन्त्री कार्यालयअन्तर्गतका सबै योजनाहरूको कार्यान्वयन र अनुगमनलाई थप प्रभावकारी बनाउने उद्देश्य राखेको छ।

## विनू मंकड ट्रफी र वरिष्ठ महिला टी–20

सिक्किमको अन्डर 19 पुरुष टोलीले आज नागाल्यान्डलाई 39 रनले पराजित गर्दै विनू मांकड ट्रफी (प्लेट समूह) मा लगातार तेस्रो जित दर्ता गरेको छ। यो जितसँगै सिक्किम अन्डर-19 पुरुष टोलीले प्रतियोगितामा लगातार तीन खेलमा अपराजित रहँदै शत–प्रतिशत जितको क्रम जारी राखेको छ। यसरी नै सिक्किमको वरिष्ठ महिला टोलीले पनि आज अगरतलामा मणिपुरलाई सात विकेटले पराजित गर्दै वरिष्ठ महिला टी–20 ट्रफी (प्लेट समूह) मा आफ्नो अपराजित यात्रा जारी राखेको छ। लक्ष्य पछ्याउने क्रममा सिक्किमले सजिलै जित हासिल गरेसगैं सिरिका कोली 'प्लेयर अफ द म्याच' घोषित हुनुभयो।

## मौसम

मौसम विज्ञान विभाग द्वारा प्राप्त जानकारी अनुसार आज गान्तोक वर-परको अधिकतम तापमान 22.4◦ सेल्सियस रेकर्ड गरिएको भने न्युनतम तापमान 14.9◦ सेल्सियस रिकर्ड गरियो।